# पट्ठान एक चिनारी

## (पच्चय उद्देसनिद्देस पालि, अर्थ सहित)


**लेखक**

**अनागारिका अग्गञाणी 'धम्माचरिय'**



**प्रकाशक**

**अष्ट रत्न, रत्न देवी धाख्वा सपरिवार**

शान्तिनगर, नयाँ बानेश्वर, काठमाण्डौ

पुस्तकको नाम : **पट्ठान एक चिनारी**

लेखक : अनागारिका अग्गञाणी 'धम्माचरिय'

प्रकाशक : अष्ट रत्न धाख्वा, रत्न देवी धाख्वा सपरिवार

सर्वाधिकार : लेखकमा

प्रकाशन : १००० प्रति

प्रकाशन मिति : बु.सं. २५६७

बि.सं.२०८०

ने.सं. ११४४

ई.सं. २०२३

धर्मदान

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, ललितपुर, फोन : ५४३०५२२

# आफ्नो केही कुरा

'पट्ठान' अभिधर्म पिटकका सातवटा ग्रन्थहरूमध्ये गम्भीर एवं विशाल ग्रन्थ हो । यसमा भगवान् बुद्धले शुक्ष्म गम्भीर रूपले परमार्थ धर्महरूलाई कारण कार्यका साथै सम्बन्धित कारणको प्रत्ययशक्ति समेतलाई विभिन्न तरीकाले विस्तृत रूपमा बताउनु भएका उपदेशहरू संग्रहीत छन् । यी 'पट्ठान' देशना अत्यन्त प्रभावकारी देशना भएको कुरा बिभिन्न ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ । यसमा शूक्ष्म प्रणीत गम्भीर भएका चित्त, चैतसिक, रूप, निर्वाण, हेतु, ध्यानाङ्ग, मार्गाङ्ग आदि परमार्थ धर्मको बारे देशना गरिराखको छ । भगवान् बुद्धले यस पट्ठानलाई परामर्श गर्दा उहाँको शरीरबाट ६ वर्ण रश्मी निस्केको हुनाले पट्ठान अत्यन्त प्रभावकारी देशना हो भनी बुझ्न सकिन्छ ।

भगवान बुद्धले त्रयशित्रंश देवलोकमा देवब्रह्माहरूलाई अभिधर्म देशना गर्नुभएको थियो । अभिधर्म देशनाको अन्तिम भएको पट्ठान देशना सुनेर असि हजार करोड देवब्रह्माहरू अर्हन्त भएका थिए । त्यसैले ती देवब्रह्माहरूले पट्ठान देशनालाई आदर गौरव राख्छन् । यसरी पट्ठान प्रभावशाली देवब्रह्माहरूले आदर गौरव राख्ने देशना भएकोले प्रभावकारी देशना मान्न सकिन्छ ।

पट्ठानलाई बुद्धशासन चिरस्थायी गर्नको निम्ति प्रमुख गढको रूपमा देखाइएको छ । जसरी देश सुरक्षाको लागि प्रमुख गढ (किल्ला) दृढ र शक्तिशाली बनाउन अनुबल दिएर रक्षा गरिराख्नुपर्छ । प्रमुख गढ रक्षा गरिराख्न नसकेमा शत्रुहरू पसेर सिङ्गो देशलाई अधिनष्ठ गर्न सक्छ । त्यसरी नै पट्ठान लोप भयो भने क्रमशः अभिधर्म लोप हुन्छ; त्यसपछि सूत्र अनि विनय लोप हुन्छ । त्रिपिटक भनिने परियत्ति शासन लोप भएपछि प्रतिपत्ति शासन लोप हुन्छ त्यसपछि प्रतिवेध शासन लोप हुन्छ । यसरी बुद्धशासन लोप भएर जान्छ । पट्ठान बुद्धशासन चिरस्थायी गर्नमा प्रमुख अगुवा गढझैं भएकोले पट्ठान देशना प्रभावकारी देशना हो भन्ने कुरा बुझ्न सकिन्छ ।

पट्ठानमा विना हेतु वा कारणले केही पनि हुँदैन, सम्बन्धित कारणले गर्दा नै सम्बन्धित फल उत्पन्न हुन्छ भनी देखाएको छ । भगवान् बुद्धले चतुरार्य सत्यमा कारण कार्य (फल)लाई संक्षिप्त रूपमा, प्रतीत्य समुत्पादमा मध्यस्थ रूपमा बताउनु भएको छ भने पट्ठानमा कारण कार्यका साथै सम्बन्धित कारणको शक्तिलाई समेत विस्तृत रूपमा बताउनुभएको छ ।

यस 'पट्ठान एक चिनारी' पुस्तकमा पट्ठान भनेको के हो र पट्ठानमा भएका चौबीसवटा प्रत्ययलाई संक्षिप्तरूपमा उपमा दिएर बुझाउने कोशिस गरेकी छु । साथै पाठ गर्नको लागि पच्चय उद्देसनिद्देस पालि छुट्टै र त्यसको अर्थ पनि पछाडि प्रस्तुत गरेकी छु ।

आजकल पट्ठानको बारेमा दिलचस्पी लिने व्यक्तिहरूको संख्या बढ्दै गएको छ। ठाउँ ठाउँमा पट्ठान पाठ गराउने चलन पनि छ। पट्ठान सम्बन्धी पुस्तक लेख्नको लागी धेरैले अनुरोध गरेकोले यो पुस्तक लेखेकी हुँ।

यो पुस्तक धर्मदानको रूपमा प्रकाशन गर्नुहुने जन्म दाता आमा रत्न देवी धाख्वा, बुबा अष्ट रत्न धाख्वा सपरिवारलाई धेरै धेरै साधुवाद व्यक्त गर्दछु। कम्प्यूटर टाइप र प्रुफ हेरेर सहयोग गर्ने बहिनी सति धाख्वा 'परियत्ति सद्धम्म कोविद' लाई आभार व्यक्त गर्दछु। साथै यो पुस्तकको आवरण पृष्ठ डिजाइन र समयमा नै पुस्तक छापिदिनुभएकोमा आईडियल प्रिटिङ्ग प्रेस परिवारलाई पनि धन्यवाद छ।

अन्तमा यस पुस्तकलाई अध्ययन गरेर पाठकवर्गले लाभ लिन सकोस् भनी शुभेच्छा व्यक्त गर्दछु।

"चिरं तिट्ठतु सद्धम्मो"

**अनागारिका अग्गञाणी**
अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र
बुद्धनगञर, काठमाण्डौं
मिति : २०८० पुष २ गते

# प्रकाशकीय

यस **पट्ठान एक चिनारी** पुस्तकमा पट्ठान विषयमा बुद्धले दिनु भएका गम्भीर उपदेशहरु समावेश भएको छ । पट्ठानमा विना हेतु वा कारणले केही पनि हुँदैन, सम्बन्धित कारणले गर्दा नै सम्बन्धित फल उत्पन्न हुन्छ भन्ने बारेमा चौबीसवटा प्रत्ययलाई संक्षिप्तरूपमा विश्लेषण गरीएको छ । यो पुस्तक राम्ररी अध्ययन, चिन्तन एवं मनन ंगर्न सकेमा आत्मा भाव, ईश्वरको सृष्टि जस्ता मिथ्यादृष्टिको भ्रम चिर्न सकिने भई धर्ममा सम्यकदृष्टि विकास गर्न सकिने हुन्छ। यस्तो अति नै गम्भीर उपदेश संग्रहित पुस्तक धर्मजिज्ञासुहरूलाई धर्मदानको रूपमा प्रकाशन गर्न पाउँदा हामीलाई धर्म प्रीतीको अनुभव भएको छ ।

हाम्री छोरी कलिलो उमेरदेखि नै धर्ममा अति श्रद्धा भएकी १९ वर्षको युवा अवस्थामा बर्मामा गएर ध्यान अभ्यास एवं अध्ययन गरेर बर्माको उच्च स्तरीय शिक्षा धम्माचरिय पास गरी अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा रहेर बुद्ध शासनिक काममा संलग्न भई धर्मदेशना, धर्म प्रशिक्षण, ध्यान भावना निर्देशन, बौद्ध ग्रन्थ लेखन एवं अनुवाद गरी बुद्ध शिक्षा प्रचार प्रसार गर्दै आउनु भएको खुशीको कुरा हो । उहाँवाट लिखित यो सानो पुस्तक भए पनि अति नै महत्वपूर्ण पुस्तक प्रकाशन गर्ने अवसर दिनुभएकोले उहाँ अग्गञाणी गुरुमाप्रति आभार

प्रकट गर्न चाहन्छौं साथै बुद्ध शासनको दीपझैं हुन सकी बुद्धधर्मलाई अझ प्रचार प्रसारमा निरन्तररूपमा लाग्न सकोस् भनी त्रिरत्नमा प्रार्थना गर्दछौं ।

अन्तमा यो पुस्तक पढेर पाठकवर्गले धर्मलाई सहि रूपमा पहिचान गरी जीवनमा सुख शान्ति प्राप्त गर्न सकोस् भनी कामना गर्दछौ ।

सद्धर्म चिरस्थायी होस् ।

**अष्टरत्न धाख्वा, रत्नदेवी धाख्वा परिवार**
नागबहाल, ललितपुर/हालः शान्तिनगर, काठमाण्डौ
मिति : ने.सं.११४४ थिंलाथ्व पञ्चमी
वि.सं. २०८० पुष १ गते

# बिषयसूची


| | |
|---|---|
| पट्ठान एक चिनारी | १ |
| पच्चय उद्देसनिद्देस पालि र अर्थ | २२ |
| पट्ठान (प्रस्थान) | ४० |
| प्रत्यय निर्देश | ४१ |

# पट्ठान एक चिनारी

बुद्धत्व प्राप्ति पछि भगवान बुद्धवाट महापरिनिर्वाण नहोउन्जेल ४५ वर्षसम्म बहुजनको हित र सुखको लागि ठाउँ ठाउँमा देशना भएका उपदेशहरूलाई विनयपिटक, सूत्रपिटक र अभिधर्म पिटक गरी तीनवटा पिटकमा विभाजन गरी संग्रह गरिएका छन् । यी तीनवटा पिटकलाई नै तिपिटक (त्रिपिटक) भनिन्छ । विनयपिटकमा मानव जीवनलाई व्यवस्थित पार्नको लागि प्रज्ञप्त गरिएका गर्नु हुने र नहुने नियमहरू संग्रहित छन् । सूत्रपिटकमा व्यावहारिक जीवन सुखमय बनाउनको लागि देशना गर्नुभएका उपदेशहरू संग्रहित छन् । अभिधर्मपिटकमा जीवन र जगतको यथार्थसत्य (वास्तविक सत्य) अवबोधका लागि देशना गर्नुभएका उपदेशहरू संग्रहित छन् ।

त्रिपिटकमा अभिधर्मको आफ्नो विशिष्ट स्थान छ । "अभिधम्म" अभि र धम्म दुई शब्द मिली बनेको छ । "**अभि अतिरेको धम्मो अभिधम्मो**" र "**अभि विसेसो धम्मो अभिधम्मो**" भन्ने विग्रह अनुसार अभिधर्म सूत्रन्त धर्मभन्दा अतिरेक (अतिरिक्त) र विशिष्ट भएकोले अभिधर्म भनिएको हो । अभिधर्म देशनालाई भगवान बुद्धको महापरिनिर्वाण पछि प्रथम संगायन गर्ने संगीतिकारहरूले यसरी विभाजन गरी देखाएका छन् – पिटकको रूपमा अभिधर्मपिटक, निकायका रूपमा खुद्दकनिकाय, अङ्गको रूपमा वैय्याकरण, धर्मस्कन्धको रूपमा ४२००० धर्मस्कन्ध र ग्रन्थको रूपमा

(१) धम्मसङ्गणी(धर्मसङ्गणी) (२) विभङ्ग (३) धातुकथा (४) पुग्गलपञ्ञति (पुद्गलप्रज्ञप्ति) (५) कथावत्थु (कथावस्तु) (६) यमक (७) पट्ठान (प्रस्थान) गरी ७ वटा ग्रन्थ । अभिधर्मपिटकका सातवटा ग्रन्थमध्ये पट्ठान सबभन्दा ठूलो र अन्तिम, गम्भीर एवं विशाल ग्रन्थ रत्न हो ।

भगवान बुद्धले बुद्धत्व प्राप्ति पश्चात् चौथो सप्ताह रत्नघर चैत्यमा सातदिन सातरातसम्म अभिधर्मका सात प्रकरणहरू क्रमशः प्रत्येवेक्षण (विचार) गर्नु भएको थियो । छैठौं प्रकरण यमकसम्म विचार गर्दा विशेष अद्भूत घटना केहि भएको थिएन तर अन्तिम प्रकरण पट्ठान प्रत्येवेक्षण गर्दा उहाँको शरीरबाट नीलो, पहेंलो, रातो, सेतो, कलेजी र पभाश्वर (उज्यालो) गरी ६ वर्ण रश्मी निस्केको थियो । सम्पूर्ण ज्ञेय्य (जान्नुबुझ्नु पर्ने) धर्मलाई जान्न र बुझ्न सक्ने सर्वज्ञता ज्ञानले शूक्ष्म, प्रणीत, गम्भीर भएर परिमाण रहित विशाल अनन्त नय पट्ठानलाई आरम्मण गर्ने मौका पाइएकोले उहाँको मन अति प्रसन्न प्रफुल्लित भएको थियो । जसले गर्दा उहाँको रगत, वस्तुरूप, छालाको वर्ण स्वच्छ भई चित्तको कारणले उत्पन्न भएका वर्ण रश्मी उहाँको शरीरको ८० हात घेरासम्म फैलेर निश्चल भएको थियो । (धम्मसङ्गणी अट्ठकथा, पृ. १६)

भगवान् बुद्धले पट्ठान देशना सातौं वर्षावास त्रयस्त्रिंश देवलोकमा बस्नुभएको बेलामा मातृदेवपुत्रप्रमुख दशहजार चक्रवालबाट समागम भएका देव-ब्रह्माहरूलाई गर्नु भएको

थियो । यो देशना सुनेर ८० हजार करोड देव ब्रह्माहरू अर्हन्त भएको कुरा ग्रन्थमा उल्लेख छ । (धम्मपद अट्ठकथा, २ पृ. १२८) त्यसैले पट्ठान प्रभावशाली देव-ब्रह्माहरूले गौरव राख्ने देशना हो । यो शूक्ष्म, प्रणीत, विशाल, गम्भीर देशना हो, किनभने यस देशनामा बुझ्न र देख्न असजिलो चित्त, चैतसिक, रूप, निर्वाण, स्कन्ध, आयतन, धातु, सत्य, हेतु, ध्यानाङ्ग, मार्गाङ्ग आदि परमार्थ धर्महरूलाई सूक्ष्मरूपले राम्ररी देशना गरिएको छ । यी परमार्थ धर्महरू कसरी कुन रूपले एक आपसमा कारण कार्यको रूपमा सम्बन्धित भई अवस्थित भएको छ भन्नेबारे विभिन्न विधि, विभिन्न नयद्वारा स्पष्टरूपले देखाइएको छ ।

यस पट्ठानमा विना हेतु वा कारणले केही पनि हुँदैन, सम्बन्धित कारणले गर्दा नै सम्बन्धित फल उत्पन्न हुन्छ भनी देखाएको छ । भगवान बुद्धले चतुआर्य सत्यमा कारण कार्य (फल)लाई संक्षिप्तरूपमा, प्रतीत्यसमुत्पादमा मध्यस्थरूपमा बताउनु भएको छ भने यसमा कारण कार्यका साथै सम्बन्धित कारणको शक्तिलाई समेत विस्तृतरूपले बताउनु भएको छ ।

'**पट्ठान**' मा '**प**' उपसर्गले 'विभिन्न प्रकार' भन्ने अर्थ जनाउँछ भने '**ठान**' शब्दले 'प्रत्यय (कारण)' भन्ने अर्थ जनाउँछ । तर यहाँ सामान्य प्रत्यय मात्र होइन, फल धर्मका कारण भइरहेको प्रत्ययशक्ति र शक्ति भएका प्रत्ययहरू लिनुपर्छ । "नानाप्पकारानि ठानानि एत्थाति **पट्ठानं**" भन्ने परिभाषा अनुसार विभिन्न प्रकारका प्रत्ययशक्ति र शक्ति

भएका प्रत्ययहरू देखाइएको ग्रन्थलाई पट्ठान भनिन्छ । यसमा चौबीस वटा प्रत्यय प्रत्येकलाई तीन भागमा विभाजन गरी प्रत्यय (कारण), प्रत्ययुत्पन्न (फल) र प्रत्ययको शक्तिलाई सूक्ष्मरूपले स्पष्टरूपले देखाइएको छ । यहाँ बुझ्नुपर्ने कुरा के हो भने प्रत्ययले उत्पन्न नभएको फल प्रत्ययोत्पन्नलाई उत्पन्न गर्ने र कुनै एक कारणले उत्पन्न भएको प्रत्ययोत्पन्न धर्मलाई स्थितिक्षणमा स्थित गरिराख्न उपकार गर्ने हुनाले प्रत्यय उपकारक धर्म पनि हो । (उपकारकट्ठेन पच्चयो, पञ्चपकरण-अट्ठकथा पृ. ३४४)

चौबीसवटा प्रत्ययहरू हुन् -

**१. हेतुपच्चयो (हेतुप्रत्यय : मूलकारण भएर उपकार गर्ने धर्म)**

कुशल, अकुशल इत्यादीको मूल कारणलाई हेतु भनिन्छ । फूलको बोट वा रूखको मूलजराले फूलको बोट वा रूखलाई दह्रो पार्न सहयोग गरे जस्तै कुशल, अकुशल इत्यादिको मूल कारण भएर उपकार गर्ने स्वभाव हेतुप्रत्यय हो ।

हेतु छ प्रकारका छन् – १. आसक्त हुनु (लोभ), २. रीस उठ्नु (द्वेष) ३. यथार्थता नजान्नु (मोह) ४. आसक्त नहुनु (अलोभ) ६. रीस नउठ्नु (अद्वेष) ६. यथार्थता जान्नु (अमोह) । यीमध्ये लोभ, द्वेष र मोह अकुशल हेतु हुन् । अलोभ, अद्वेष र अमोह कुशल हेतु हुन् ।

फूलको बोट वा रूखको मूलजरा जति बलियो हुन्छ, त्यति नै फूलको बोट, रूख पनि बलियो हुन्छ, दरीलो हुन्छ ।

त्यस्तै मूल कारण भइरहेको हेतु जति बलियो हुन्छ, त्यति नै ठूल ठूला पापकर्म वा पुण्यधर्म गरिन्छ । फूलको बोट, रूखको मूल जराले फूलको बोट वा रूखलाई दह्रो पार्न सहयोग गरे जस्तै हेतुले पापकर्म वा पुण्यधर्म उत्पन्न गराउन सहयोग गर्दछ ।

अकुशल हेतुले प्राणीहिंसा, चोरी आदि दुश्चरित्र पापकर्मलाई हेतुप्रत्ययशक्तिले सहयोग गरेको हुन्छ । त्यस्तै कुशल हेतुले दान, शील आदि पुण्य धर्म गर्नलाई हेतुप्रत्ययशक्तिले सहयोग गरेको हुन्छ । अकुशल हेतुले गर्दा लोक विनाश हुन्छ भने कुशल हेतुले लोक समृद्धि हुन्छ ।

## २. आरम्मणपच्चयो (आरम्मणप्रत्यय : आलम्बन विषय वस्तु भएर उपकार गर्ने धर्म)

चित्तले ग्रहण गर्ने विषयवस्तुलाई आरम्मण भनिन्छ । लौरो वा टाँगिएको डोरीले वृद्ध वा कमजोर व्यक्तिलाई उठ्न, बस्न, हिँडडुल गर्न सहयोग गरे जस्तै चित्त चैतसिकहरू उत्पन्न हुनको लागि विषयवस्तु भएर उपकार गर्ने स्वभाव आरम्मण हो ।

आरम्मणहरू ६ प्रकारका छन् – १. रूपारम्मण (रूपवर्ण) २. शब्दारम्मण (शब्द) ३. गन्धारम्मण (गन्ध) ४. रसारम्मण (रस) ५. प्रष्टव्यारम्मण (स्पृष्टव्य) र ६. धर्मारम्मण ।

वृद्ध वा दुर्बल व्यक्तिले लौरोको साहारा लिएर उठ्ने बस्ने गरे जस्तै हाम्रो चित्तचैतसिकहरू पनि आरम्मण

विषयवस्तुको सहयोग लिएर उत्पन्न हुन्छन् । रूपवर्ण देखिने बेला जान्ने चक्षुविज्ञान चित्त उत्पन्न हुन्छ । रूपवर्ण नभए चक्षुविज्ञान चित्त उत्पन्न हुनसक्दैन । यसरी वर्ण (रूप-आयतन)ले चक्षुविज्ञान चित्तलाई आरम्मणप्रत्ययशक्तिद्वारा सहयोग गर्दछ । त्यस्तै नै स्वर(शब्द-आयतन)ले श्रोतविज्ञान चित्तलाई आरम्मणप्रत्ययशक्तिद्वारा सहयोग गर्दछ। बाँकीलाई पनि यसरी नै बुझ्नुपर्दछ ।

## ३. अधिपतिपच्चयो (अधिपतिप्रत्यय : अधिपति वा नायक भएर उपकार गर्ने धर्म)

अधिकार जमाउने धर्मलाई अधिपति भनिन्छ । अधिपति सहजाताधिपतिप्रत्यय र आरम्मणाधिपतिप्रत्यय भनेर दुई प्रकारका छन् । चक्रवर्ती राजाले सबै चक्रवालमा एक्लैले अधिकार जमाएजस्तै आफूसँगै उत्पन्न हुने चित्त, चैतसिक र रूप धर्महरूमा अधिकार जमाएर उपकार गर्ने स्वभाव सहजाताधिपतिप्रत्यय हो । सहजाताधिपतिमा अधिपति चार प्रकारका छन् –१. छन्द(प्रवल इच्छा) २. वीर्य (मेहनत) ३. चित्त (मनको लगाव) र ४. विमंश (प्रज्ञा, विवेक, बुद्धि) ।

प्रबल इच्छा (छन्द) ले आफूसँग सम्बन्ध राखेर सँगै उत्पन्न हुने धर्मलाई अधिपतिशक्तिले उपकार गर्दछ । "**छन्दवतो किं नाम कम्मं न सिज्झति –** प्रबल इच्छा हुनेका लागि सिद्ध नहुने कुनै काम हुँदैन ।" उदाहरणको लागि एकजना मानिसको ठूलो साहुमहाजन हुने प्रबल इच्छा छ

भने यस्तो प्रबल इच्छा हुने व्यक्तिले कडा परिश्रम पनि गर्दछ, मन लगाएर काम पनि गदर्छ र आफ्नो बुद्धि-विवेक पनि लगाउँछ । फलस्वरूप उसको इच्छा अनुरूप ऊ ठूलो महाजन बन्छ। यी चारवटा अधिपतिलाई जीवन सफल हुने मन्त्र पनि भनिन्छ। तर यी चार मध्ये कुनै एक अधिपति बन्ने बेला अरू अधिपति त्यसको पछि लाग्छ। जस्तै छन्द अधिपति हुने बेलामा बाँकी तीन अधिपति छन्दको पछि पछि लाग्छन्।

आरम्मण विषयवस्तुहरूमध्ये धेरै इच्छाउन, मनपराउन, गौरव राख्नयोग्य आरम्मणहरूलाई महत्व दिएर वा गौरव राखेर उत्पन्न भएका चित्तचैतसिकहरूमा अधिकार जमाएर उपकार गर्ने स्वभाव आरम्मणाधिपतिप्रत्यय हो ।

## ४. **अनन्तरपच्चयो (अनन्तरप्रत्यय : अन्तर नहुने गरी उपकार गर्ने धर्म)**

चक्रवर्ती राजा परलोक हुने बितिक्कै उसको जेठो छोरा राजा हुने जस्तै अगाडि उत्पन्न भएको चित्त र पछि उत्पन्न हुने चित्तको बीचमा अन्तर नहुने गरी उपकार गर्ने स्वभाव अनन्तरप्रत्यय हो। एउटा चित्त विनाश हुनासाथ बीचमा अन्तर नहुने गरी अर्को नयाँ चित्त उत्पन्न हुन्छ। उदाहरणको लागि चक्षुविज्ञानचित्त विनाश हुनासाथ विषयवस्तुलाई स्वीकार गर्ने सम्प्रतिछन भन्ने मनोधातु उत्पन्न हुन्छ । चक्षुविज्ञान चित्त र मनोधातु बीचमा अन्तराल हुँदैन । यसरी एउटा चित्त विनाश हुनासाथ लगत्तै अर्को नयाँ चित्त तत्क्षण उत्पन्न भएको अनन्तरप्रत्ययशक्तिले उपकार गरेकाले हो ।

## ५. समनन्तरपच्चयो (समनन्तरप्रत्यय : राम्ररी अन्तर नहुने गरी उपकार गर्ने धर्म)

चक्रवर्ती राजाले राजकाज त्याग गरेर श्रमण हुने बित्तिक्कै जेठो छोरा राजा हुने जस्तै अगाडि उत्पन्न भएको चित्त र पछि उत्पन्न हुने चित्तको बीचमा बिल्कुलै अन्तर नहुने गरी उपकार गर्ने स्वभाव समनन्तरप्रत्यय हो । एउटा चित्त विनाश हुनासाथ बीचमा बिल्कुलै अन्तराल नहुने गरी अर्को नयाँ चित्त उत्पन्न हुन्छ । अनन्तरमा केवल 'सं' भन्ने एउटा उपसर्ग मात्र थपिएको छ । यो प्रत्ययको स्वरूप पनि अनन्तरप्रत्यय जस्तै हो ।

## ६. सहजातपच्चयो (सहजातप्रत्यय : सँगै उत्पन्न भएर उपकार गर्ने धर्म)

मैनबत्ती आदि बाल्ने बेलामा बत्ती बाल्न बितिक्कै प्रकाश पनि एकैसाथ आए जस्तै चित्त चैतसिक धर्महरू पनि एकसाथ उत्पन्न भएर उपकार गर्ने स्वभाव सहजातप्रत्यय हो । चित्तको कारणले रूप उत्पन्न हुने बेलामा पनि एकैसाथ उत्पन्न हुन्छ । जस्तै मन आनन्द र हलुको हुने बेलामा शरीर पनि हलुको हुन्छ, मन भारी हुने बेलामा शरीर पनि भारी हुन्छ । त्यस्तै रीस उठ्ने बितिकै शरीर जिरिङ्ग र कडा हुनु भनेको चित्त चैतसिकले चित्तज रूपलाई सहजातप्रत्ययशक्तिले सहयोग गरेको हो ।

## ७. अञ्ञमञ्ञपच्चयो (अन्यमन्यप्रत्यय : परस्पर उपकार गर्ने धर्म)

तीन वटा खुट्टा भएको टेबुलको एउटा खुट्टा भाँचियो भने टेबल ठडिएर रहन सक्दैन, एक खुट्टाले अर्कोलाई परस्परमा मद्दत गरे जस्तै चित्तचैतसिक धर्महरूको परस्परमा उपकार गर्ने स्वभाव अन्यमन्यप्रत्यय हो । । वेदना, संज्ञा, संस्कार र विज्ञान चार नामस्कन्धले पनि एकले अर्कोलाई उत्पत्ति र विनाश हुनमा परस्पर सहयोग गर्दछ । पृथ्वी, आपो, तेजो र वायु चार महाभूत भनिने रूपस्कन्धमा पनि एउटाले अर्कोलाई उत्पत्ति-विनाश हुनमा परस्पर सहयोग गर्दछ ।

## ८. निस्सयपच्चयो (निश्रयप्रत्यय : आधार भएर उपकार गर्ने धर्म)

घर, बोटबिरुवा, रूखले पृथ्वीको आधार लिन्छन् । पृथ्वीले घर, बोटबिरुवाका लागि आधार बनेर सहयोग गरे जस्तै रूपधर्मले पनि चित्त चैतसिक धर्महरूका लागि आधार भएर उपकार गर्ने स्वभाव निश्रयप्रत्यय हो ।

चक्षुविज्ञान चित्त उत्पन्न हुनलाई आँखा नभई हुँदैन । आँखा भित्र चक्षुप्रसाद (आँखाको भित्र नानिमा चक्षुप्रसाद रूप धेरै समूह जम्मा भएर फिजिरहेको) हुन्छ । चक्षुप्रसाद रूपको आधार लिएर चक्षुविज्ञान चित्त उत्पन्न हुन्छ । यसरी चक्षुप्रसाद (चक्षु आयतन)ले चक्षुविज्ञान चित्त, चैतसिकहरूलाई निश्रयप्रत्ययशक्तिले उपकार गर्दछ । त्यस्तै नै श्रोतप्रसाद

(श्रोत-आयतन)ले श्रोतविज्ञान चित्त, चैतसिकहरूलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गर्दछ। अरू बाँकी भएकोलाई पनि यसरी नै बुझ्नु पर्दछ।

## ९. **उपनिस्सयपच्चयो (उपनिश्रयप्रत्यय : बलियो आधार भएर उपकार गर्ने धर्म)**

बोट बिरुवा, रूख आदि वर्षामा भर परे जस्तै कुशल, अकुशलहरू श्रद्धा इत्यादि धर्म, व्यक्ति, ऋतु, भोजन, स्थानमा भर परी उत्पन्न हुन्छन्। बलियो आधार भएर उपकार गर्ने स्वभाव उपनिश्रयप्रत्यय हो।

श्रद्धाको बलियो आधार लिई दान, शील, उपोसथव्रत, धर्मश्रवण, भावना आदि कुशल धर्म गर्दछ। यसरी श्रद्धाले दान शील आदि कुशल धर्मलाई उपनिश्रयशक्तिद्वारा उपकार गर्दछ।

लोभ, द्वेष आदिको आधार लिई प्राणीहिंसा, चोरी आदि अकुशल कर्म गर्दछ। यसरी लोभ, द्वेष आदिले प्राणीहिंसा, चोरी आदि अकुशललाई उपनिश्रयशक्तिद्वारा उपकार गर्दछ।

उपनिश्रय व्यापक भएको प्रत्यय हो। यो सारा संसार यसभित्र समावेश भइरहेको छ। कुनै व्यक्तिले दान इत्यादि कुशल धर्म गरिसकेपछि "म जस्तो दान गर्नसक्ने अरू कोही छैन" भनेर आफूले गरेको दानको आधार लिई अभिमान गर्दछ। यहाँ दान दिनु कुशल धर्म हो भने अभिमान गर्नु अकुशल हो। यसरी कुशल धर्मले अकुशल धर्मलाई

उपनिश्रयशक्तिद्वारा सहयोग गरेको हुन्छ। कसैले देवलोकमा उत्पन्न हुने कामना गरी शील पालन गर्दछ। देवलोकको चाहना गर्नु लोभ अकुशल हो भने शील पालन गर्नु कुशल धर्म हो। यसरी यहाँ अकुशलले कुशललाई उपनिश्रयप्रत्ययशक्तिद्वारा सहयोग गरेको छ।

कुनै व्यक्तिले पापीको सहयोग लिएर (संगत गरेर) प्राणीहिंसा, चोरी इत्यादि पापकर्म गर्दछ। कसैले कल्याणमित्रको संगत गरेर शील, समाधि, प्रज्ञा धर्म आचरण गर्दछ। त्यस बेला व्यक्तिको आधार लिई अकुशल वा कुशल उत्पन्न हुने भएकोले व्यक्तिले कुशल वा अकुशललाई उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन जान्छ। यसरी नै अनुकूल वा प्रतिकूल मौसम, भोजन र वासस्थानले पनि कुशल वा अकुशल उत्पन्न हुन उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

## १०. पुरेजातपच्चयो (पूर्वजातप्रत्यय : पहिला उत्पन्न भएर उपकार गर्ने धर्म)

आमाबुवाले छोराछोरीहरूलाई उपकार गरेजस्तै अथवा कल्प उत्थान भएदेखि नै चन्द्र सूर्यको प्रकाशले सत्त्वप्राणीहरूलाई उपकार गरे जस्तै पहिला उत्पन्न भएर पछि उत्पन्न हुने धर्महरूलाई उपकार गर्ने स्वभाव पूर्वजातप्रत्यय हो।

चक्षुविज्ञान चित्त उत्पन्न हुन हामीसँग चक्षुप्रसाद

रूप पहिले नै हुनुपर्दछ । त्यस्तै नै विषयवस्तु पनि पहिले नै हुनुपर्दछ । त्यसो भए मात्र चक्षुविज्ञानचित्त उत्पन्न हुन्छ । यस्तो हुनुलाई चक्षु आयतनले चक्षुविज्ञानलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको भनिन्छ । त्यसरी नै रूपायतनले पनि चक्षुविज्ञानलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गर्दछ । श्रोतविज्ञान आदिलाई पनि यसरी नै बुझ्नुपर्दछ ।

## ११. पच्छाजातपच्चयो (पश्चात्जातप्रत्यय : पछि उत्पन्न भएर उपकार गर्ने धर्म)

छोराछोरीहरूले आमाबुवाहरूलाई सहयोग गरे जस्तै पछि उत्पन्न हुने चित्तले अगाडि उत्पन्न भएका रूपसमूह (शरीर)लाई उपकार गर्ने स्वभाव पश्चात्जातप्रत्यय हो । शरीर थाकिरहेको बेलामा ध्यान भावना गरेर चित्त स्थिर भई ध्यान बलियो भयो भने थकाइ हटेर शरीरमा स्फूर्ति वृद्धि हुन्छ । यसरी पछि उत्पन्न भएको चित्त, चैतसिक धर्महरूले अगाडि उत्पन्न भएको शरीरलाई पश्चात्जातप्रत्ययशक्तिले उपकार गर्दछ ।

## १२. आसेवनपच्चयो (आसेवनप्रत्यय : बारम्बार सेवन गरेर उपकार गर्ने धर्म)

काठको टेबलमा बारम्बार पालिस राख्यो भने टल्के जस्तै, बारम्बार राम्ररी पढ्दा बुझ्े जस्तै, कुनै काम बारम्बार गर्दा दक्ष भएजस्तै; बारम्बार सेवन गरेर उपकार

गर्ने स्वभाव आसेवन प्रत्यय हो । अगाडि अगाडि उत्पन्न भएको कुशल अकुशलले पछि पछि उत्पन्न हुने कुशल अकुशललाई आसेवनप्रत्ययशक्तिले उपकार गरेको हुन्छ । आसेवनप्रत्ययशक्तिले गर्दा पछि पछि उत्पन्न हुने कुशल वा अकुशलहरू झन् झन् बलबान् हुन्छन् ।

### १३. **कम्मपच्चयो (कर्मप्रत्यय : कर्म भएर उपकार गर्ने धर्म)**

बीज पलाएर जरा, डाँठ, हाँगाबिँगा बनेर फूल फुल्न, फल फल्न उपकार गरे जस्तै कुशल वा अकुशल कर्मले यस जन्ममा मात्र होइन निर्वाण प्राप्त नभएसम्म जन्म जन्मान्तर फल दिएर उपकार गर्ने स्वभाव कर्मप्रत्यय हो । कर्मको स्वरूप चेतना हो । भगवान् बुद्धले आज्ञा हुनु भएको छ **चेतनाहं भिक्खवे कम्मं वदामि** – "भिक्षुहरू ! म चेतनालाई नै कर्म भन्दछु ।" चेतनायुक्त भएको शरीर, वचन र मनले गर्ने काम, कुरा, बिचार नै कर्म हो । शरीर, वचन र मनले सुचरित्र कर्म गऱ्यो भने यसै जीवनमा शरीर, वचन र मन कोमल, नरम, सभ्य हुने फल पाउँछ, सुखपूर्वक जीवन जिउन पाउँछ, मरण पछि पनि सुगतिमा जन्म लिन पाउँछ । दुश्चरित्र पापकर्म गऱ्यो भने यसै जीवनमा जङ्गली, असभ्य स्वभावको भई दुःखपूर्वक जीवन जिउनुपर्ने हुन्छ । मरणपछि दुर्गतिमा पतन हुन्छ । यसरी राम्रो नराम्रो कर्मले फल दिइरहेको हुन्छ । राम्रो, नराम्रो कर्मले सुख, दुःख हुने प्रतिफललाई कर्मप्रत्ययशक्तिले उपकार गर्दछ । कर्मप्रत्ययशक्तिको उपकारको कारण राम्रो नराम्रो कर्मले सुख वा दुःख फल दिइरहेको हुन्छ ।

## १४. विपाकपच्चयो (विपाकप्रत्यय : फल भएर उपकार गर्ने धर्म)

कुशल वा अकुशल कर्मको फललाई विपाक भनिन्छ। विपाक उत्साह, व्यापाररहित भएर शान्त स्वभावको हुन्छ। जागिरबाट अवकाश प्राप्त व्यक्तिले आनन्दपूर्वक पेन्सन उपभोग गरे जस्तै विपाक धर्महरूले शान्त स्वभावको भएर एकले अर्कोलाई उपकार गर्छ।

## १५. आहारपच्चयो (आहारप्रत्यय – टेवा दिएर उपकार गर्ने धर्म)

भत्कन लागेको घरलाई टेवा दिने टेको (आधार)जस्तै स्कन्ध (शरीर)लाई लामो समयसम्म संचालन गर्नको लागि टेवा दिने स्वभाव आहारप्रत्यय हो। भत्किन लागेको घरलाई टेवा दिएन भने वर्षा, हावाहुरीले त्यसलाई भत्काउन सक्छ। त्यस्तै सत्त्वप्राणीहरू आहार सेवन विना लामो समयसम्म जीवित रहन सक्दैनन्।

आहार रूपआहार र नामआहार भनेर दुई प्रकारका छन्। खानपानमा भएको ओज (पौष्टिक तत्त्व)लाई रूप आहार भनिन्छ। उचित आहार खानपान गऱ्यो भने उक्त खानपानमा भएको ओजले राम्रा रूपहरू वृद्धि गरेर हृष्टपुष्ट, स्वस्थ र दीर्घायु बनाइदिन्छ। प्रतिकूल आहारमा भएको ओजले नराम्रा रूपहरू वृद्धि गरेर अस्वस्थ र अल्पायु बनाइदिन्छ। यसरी रूपआहारले स्कन्ध (शरीर)लाई रूपआहारप्रत्ययशक्तिद्वारा

उपकार गर्दछ । स्पर्श, चेतना र विज्ञानलाई नाम आहार भनिन्छ । नामधर्मलाई निरन्तर उत्पन्न भइरहनमा नाम आहारले टेवा दिन्छ । यिनीहरूले सम्बन्धित फलधर्महरूलाई नामआहारप्रत्ययशक्तिद्वारा उपकार गर्दछन् ।

## १६. इन्द्रियपच्चयो (इन्द्रियप्रत्यय : आधिपत्य जमाएर उपकार गर्ने धर्म)

आ-आफ्नो क्षेत्रमा अधिकार भएका विभागीय अधिकारी मन्त्रीहरू जस्तै आफूसँग सम्बन्धित धर्ममा आधिपत्य जमाएर उपकार गर्ने स्वभाव इन्द्रियप्रत्यय हो । इन्द्रियप्रत्ययमा इन्द्रिय बीसवटा छन् – १. चक्षु-इन्द्रिय २. श्रोत-इन्द्रिय ३. घ्राण-इन्द्रिय ४. जिह्वा-इन्द्रिय ५. काय-इन्द्रिय ६. जीवित-इन्द्रिय (नाम र रूप जीवित) ७. मन-इन्द्रिय ८. सुख-इन्द्रिय ९. दु:ख-इन्द्रिय १०. सौमनस्य-इन्द्रिय ११. दौर्मनस्य-इन्द्रिय १२. उपेक्षा-इन्द्रिय १३. श्रद्धा-इन्द्रिय १४. वीर्य-इन्द्रिय १५. स्मृति-इन्द्रिय १६. समाधि-इन्द्रिय १७. प्रज्ञा-इन्द्रिय १८. अनज्ञातंज्ञाष्यामिति-इन्द्रिय १९. अज्ञा-इन्द्रिय २०. अज्ञातावि-इन्द्रिय ।

आँखा भित्रको चक्षुप्रसाद जति बलियो हुन्छ त्यति नै विषयवस्तु देख्न सकिन्छ, जति कमजोर हुन्छ उति देख्ने क्षमता कम हुन्छ । त्यसैले विषयवस्तु देख्नुमा आधिपत्य जमाउने हुनाले चक्षुप्रसादलाई इन्द्रिय भनेको हो । चक्षुइन्द्रियले चक्षुविज्ञान चित्त र त्यस चित्तसँग उत्पन्न हुने चैतसिकहरूलाई

इन्द्रियप्रत्ययशक्तिले उपकार गर्दछ । अरू रूप इन्द्रियहरूलाई पनि यसरी नै बुझ्नुपर्छ ।

श्रद्धा जति बलियो हुन्छ त्यति नै कुशल पुण्य गर्नमा मन दृढ हुन्छ, जति श्रद्धा सीथिल हुन्छ त्यति नै कुशल पुण्य गर्नमा मन जाँदैन । कुशल पुण्य गर्नमा आधिपत्य जमाउने हुनाले श्रद्धालाई इन्द्रिय भनेको हो । श्रद्धाइन्द्रियले कुशल पुण्य गर्नमा इन्द्रियप्रत्ययशक्तिद्वारा उपकार गर्दछ । अरू नाम इन्द्रियहरूलाई पनि यसरी नै बुझ्नुपर्छ ।

## १७. **झानपच्चयो (ध्यानप्रत्यय : विषयवस्तुको नजिक रही भाविता गरेर अर्थात् नियालेर उपकार गर्ने धर्म)**

आइग्लासबाट हेर्ने बेला वस्तु नजिकै स्पष्ट देखिएजस्तै विषयवस्तुको नजिक रही भाविता गरी उपकार गर्ने स्वभाव ध्यानप्रत्यय हो । विषयवस्तुलाई सामान्यरूपले मात्र आरम्मण नगरी विषयवस्तुको नजिक रही वितर्क आदि ध्यानअङ्गले नामरूप धर्महरूलाई ध्यानप्रत्ययशक्तिद्वारा उपकार गर्दछ ।

## १८. **मग्गपच्चयो (मार्गप्रत्यय : मार्ग भएर उपकार गर्ने धर्म)**

बाटो अनुसार हिँड्नेलाई बाटोले गन्तव्यमा पुऱ्याइदिए जस्तै मार्गले सम्बन्धित ठाउँमा पुऱ्याएर उपकार गर्ने स्वभाव मार्गप्रत्यय हो । मार्गमा मार्गाङ्ग १२ वटा छन् – १. सम्यक्दृष्टि (सही धारणा) २. सम्यक्संकल्प (सही

चिन्तन) ३. सम्यक्वचन (सही वचन) ४. सम्यक्कर्मान्त (सही काम) ५. सम्यक्आजीविका (सही जीवनयापन) ६. सम्यक्व्यायाम (सही उद्योग) ७. सम्यक्स्मृति( सही स्मरण) ८. सम्यक्समाधि (सही स्थिरता) ९. मिथ्यादृष्टि (गलत धारणा) १०. मिथ्यासंकल्प (गलत चिन्तन) ११. मिथ्याव्यायाम (गलत उद्योग) १२. मिथ्यासमाधि (गलत स्थिरता)।

यीमध्ये सम्यक्दृष्टि इत्यादि आठवटा सम्यक् मार्गाङ्ग हुन्। सम्यक् मार्गाङ्गले मार्ग अनुसार आचरण गर्नेको जीवनस्तर उच्चत्व, सुगति र निवार्णमा पुऱ्याईदिनको लागि मार्गप्रत्ययशक्तिद्वारा उपकार गर्दछ। मिथ्यादृष्टि इत्यादि चारवटा मिथ्या मार्गाङ्ग हुन्। यी मिथ्या मार्गाङ्गले सत्त्वको जीवनस्तर निचत्वमा पुऱ्याई अपाय दुर्गतिमा समेत पतन गराउन मार्गप्रत्ययशक्तिद्वारा सहयोग गर्दछ।

## १९. सम्पयुत्तपच्चयो (सम्प्रयुक्तप्रत्यय : मिलेर उपकार गर्ने धर्म)

हलुवामा चिनी, घिउ, पिठो वा सुजी, पानी राम्रोसँग मिसाउँदा चारैवटाको स्वाद मिलेर एकै भए जस्तै विषयवस्तुलाई थाहा पाउने चित्त, छुने स्वभाव स्पर्श, अनुभव गर्ने स्वभाव वेदना, पहिचान गर्ने स्वभाव संज्ञा आदि चैतसिकहरू एकसाथ मिलेर उपकार गर्ने स्वभाव सम्प्रयुक्तप्रत्यय हो। नामधर्महरू परस्पर एकबाट अर्को छुट्याउन नसक्ने गरी मिलेर सम्प्रयुक्तप्रत्ययशक्तिले उपकार गर्दछ।

## २०. विप्पयुत्तपच्चयो (विप्रयुक्तप्रत्यय : नमिलिकन उपकार गर्ने धर्म)

गुलियो, अमिलो, नुनिलो, तितो, पिरो, खल्लो – यी छवटाको स्वाद एक अर्कोसँग नमिलिकन अलग, अलग स्वाद निस्कने जस्तै रूपधर्म र नामधर्म पनि परस्पर घुलमिल नभईकन उपकार गर्ने स्वभाव विप्रयुक्तप्रत्यय हो ।

चक्षुप्रसाद इत्यादि वस्तुरूपले चक्षुविज्ञान धातु इत्यादिलाई उत्पन्न गराउन विप्रयुक्तप्रत्ययशक्तिले उपकार गर्दछ । चित्त चैतसिकहरूले चतुसमुत्थानिकरूप उत्पन्न गराउन विप्रयुक्तप्रत्ययशक्तिद्वारा उपकार गर्दछ ।

## २१. अत्थिपच्चयो(अस्तिप्रत्यय) – भएर उपकार गर्ने धर्म

पहाड, जमिन रहिरहे मात्र फूलको बोट, बिरुवा रूखलाई उपकार गर्न सकिन्छ, अन्यथा उपकार गर्न सकिँदैन । तसर्थ प्रकट भएको कारणले उपकार गर्ने स्वभाव नै अस्ति प्रत्यय हो ।

चित्त चैतसिक रहिरहे मात्र सम्बन्धित चित्तबाट बनेको रूपलाई उपकार गर्न सकिन्छ । मन हलुका भइरहेको समयमा मात्र शरीर पनि हलुका हुन्छ । मन हलुका नभएमा शरीर पनि हलुका हुँदैन । यसरी चित्त, चैतसिकले चित्तजरूपहरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गर्दछ ।

## २२. नत्थिपच्चयो (नास्तिप्रत्यय : नभएर उपकार गर्ने धर्म)

बत्ती निभेर अँध्यारो पार्न मद्दत भए जस्तै अघिल्लो चित्त नभएर (विनाश भएर) अर्को नयाँ चित्त उत्पन्न हुन उपकार गर्ने स्वभाव नास्ति प्रत्यय हो ।

अघिल्लो चित्त उत्पन्न भएर विनाश नभएमा अर्को नयाँ चित्त उत्पन्न हुन सक्दैन । नयाँ चित्त उत्पन्न हुनलाई अघिल्लो चित्त विनाश हुनुपर्दछ । अघिल्लो चित्त विनाश हुनु भनेको अर्को नयाँ चित्त उत्पन्न गराउनको लागि उपकार गर्नु हो ।

देखेर जानेको चक्षुविज्ञान चित्त विनाश भए मात्र विषयवस्तुलाई ग्रहण गर्ने सम्प्रतिछ्न भन्ने मनोधातु उत्पन्न हुन्छ । त्यसैले चक्षुविज्ञान चित्तले मनोधातुलाई नास्तिप्रत्ययशक्तिद्वारा उपकार गर्दछ ।

## २३. विगतपच्चयो (विगतप्रत्यय : अलग्ग भएर उपकार गर्ने धर्म)

सूर्य अस्ताएर चन्द्रमा उदाउनको लागि उपकार गरेजस्तै पहिले उत्पन्न भएको चित्त अलग्ग भएर (विनाश भएर) नयाँ चित्त उत्पन्न हुनलाई उपकार गर्ने स्वभाव विगतप्रत्यय हो ।

सुनेर जानेको स्रोतविज्ञानचित्त विनाश भएर गए मात्र विषयवस्तुलाई ग्रहण गर्ने सम्प्रतिच्छन भन्ने मनोधातु

उत्पन्न हुनसक्छ । त्यसैले श्रोतविज्ञानचित्तले मनोधातुलाई विगतप्रत्ययशक्तिद्वारा उपकार गर्दछ ।

## २४. अविगतपच्चयो (अविगतप्रत्यय : अलग नभइकन उपकार गर्ने धर्म)

महासमुद्रको आधार पाएर माछाहरू बाँच्दछन् । समुद्रबाट अलग्ग नहोउन्जेलसम्म माछाहरू जीवित रहनेजस्तै अलग नभइकन उपकार गर्ने स्वभाव अविगतप्रत्यय हो ।

श्रोतविज्ञान चित्त उत्पन्न हुनलाई श्रोतप्रसाद त्यस्तै नै शब्दारम्मणबाट अलग्ग हुनु हुँदैन । स्वरलाई ग्रहण गर्ने श्रोतप्रसाद, स्वर भएमा मात्र श्रोतविज्ञान चित्त उत्पन्न हुन्छ, अन्यथा उत्पन्न हुँदैन । यसलाई नै श्रोतायतनले श्रोतविज्ञानचित्तलाई अविगतप्रत्यय शक्तिद्वारा उपकार गरेको भनिन्छ ।

## निष्कर्ष/उपसंहार

यसरी यहाँ पट्ठानमा २४ वटा प्रत्ययलाई कारण, कार्यका साथै सम्बन्धित कारणको प्रत्ययशक्तिलाई समेत संक्षिप्तरूपमा देखाउन प्रयास गरिएको छ। पट्ठानको अध्ययन, चिन्तन, मनन र अभ्यास राम्ररी गरेको खण्डमा कारण कार्य जुटेर मात्र नामरूप धर्महरू उत्पत्ति हुने कुरालाई बुझिने हुनाले प्रकटरूपमा उत्पन्न भइरहेको नामरूप धर्मलाई आत्म, सत्त्व, पुद्गल, जीवको रूपमा लिइने आत्मदृष्टि वा

सत्कायदृष्टि हट्नेछ । सम्बन्धित कारणले गर्दा सम्बन्धित फल हुने कुरा बुझिने हुँदा सत्त्व तथा लोकलाई ईश्वरले सृष्टि गरेको इत्यादि भन्ने जस्तो नमिल्दो कारणलाई कारणको रूपमा लिइने विषमहेतुकदृष्टि हट्नेछ । शुद्धि अशुद्धिको कारण पुण्य पाप भनी प्रकट हुँदाहुँदै विना कारणले सत्वप्राणी शुद्ध अशुद्ध हुन्छ भन्ने अहेतुकदृष्टि हट्नेछ । त्यस्तै कुशल वा अकुशल कर्महरूको फल हुँदैन भन्ने नास्तिकदृष्टि आदि हट्छ । यसरी विभिन्न प्रकारका मिथ्यादृष्टि हटेर सम्यक्दृष्टि उत्पन्न हुन्छन् । पट्ठानको ज्ञानबाट आधारभूतरूपमा कारण कार्य राम्ररी थाहा पाइने हुनाले अकुशल कर्मबाट अलग्ग भई कुशल कर्म गर्नमा प्रयत्नशील भइन्छ र जीवन निर्दोष एवं सुखशान्तिपूर्वक बिताउन सकिने हुन्छ ।

# पच्चय उद्देसनिद्देस पालि र अर्थ

## नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

### पट्ठान

### पच्चयुद्देस

हेतुपच्चयो
आरम्मणपच्चयो
अधिपतिपच्चयो
अनन्तरपच्चयो
समनन्तरपच्चयो
सहजातपच्चयो
अञ्ञमञ्ञपच्चयो
निस्सयपच्चयो
उपनिस्सयपच्चयो
पुरेजातपच्चयो
पच्छाजातपच्चयो
आसेवनपच्चया
कम्मपच्चयो
विपाकपच्चयो
आहारपच्चयो
इन्द्रियपच्चयो
झानपच्चयो
मग्गपच्चयो
सम्पयुत्तपच्चयो
विप्पयुत्तपच्चयो
अत्थिपच्चयो
नत्थिपच्चयो
विगतपच्चयो
अविगतपच्चयोति

**पच्चयुद्देसो निट्ठितो ॥**

## १. हेतुपच्चय

**हेतुपच्चयोति**

हेतू हेतुसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं हेतुपच्चयेन पच्चयो ।

## २. आरम्मणपच्चय

**आरम्मणपच्चयोति**

रूपायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

सद्दायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

गन्धायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

रसायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

सब्बे धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं

आरम्मणपच्चयेन पच्चयो ।

यं यं धम्मं आरब्भ ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, ते ते धम्मा तेसं तेसं धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

## ३. अधिपतिपच्चय

**अधिपतिपच्चयोति**

छन्दाधिपति छन्दसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

वीरियाधिपति वीरियसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

चित्ताधिपति चित्तसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

वीमंसाधिपति वीमंससम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

यं यं धम्मं गरुं कत्वा ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, ते ते धम्मा तेसं तेसं धम्मानं अधिपतिपच्चयेन पच्चयो ।

## ४. अनन्तरपच्चय

**अनन्तरपच्चयोति**

चक्खुविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

सोतविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

घानविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

जिव्हाविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

कायविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

येसं येसं धम्मानं अनन्तरा ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, ते ते धम्मा तेसं तेसं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

## ५. समनन्तरपच्चय

**समनन्तरपच्चयोति**

चक्खुविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

सोतविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया

तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

घानविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

जिव्हाविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

कायविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं

अब्याकतानं धम्मानं समनन्तरपच्चयेन पच्चयो।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं समनन्तर पच्चयेन पच्चयो।

येसं येसं धम्मानं समनन्तरा ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, ते ते धम्मा तेसं तेसं धम्मानं समनन्तरपच्चयेन पच्चयो।

## ६. सहजातपच्चय

**सहजातपच्चयोति**

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो।

चत्तारो महाभूता अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं सहजातपच्चयेन पच्चयो।

महाभूता उपादारूपानं सहजातपच्चयेन पच्चयो।

रूपिनो धम्मा अरूपीनं धम्मानं किञ्चि काले सहजातपच्चयेन पच्चयो, किञ्चि काले न सहजातपच्चयेन पच्चयो।

## ७. अञ्ञमञ्ञपच्चय

**अञ्ञमञ्ञपच्चयोति**

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

## ८. निस्सयपच्चय

**निस्सयपच्चयोति**

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं निस्सयपच्चयेन पच्चयो ।

महाभूता उपादारूपानं निस्सयपच्चयेन पच्चयो ।

चक्खायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

सोतायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

घानायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

जिव्हायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

कायायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति, तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

## ९. उपनिस्सयपच्चय

**उपनिस्सयपच्चयोति**

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

उतुभोजनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।

पुग्गलोपि उपनिस्सपच्चयेन पच्चयो ।

सेनासनम्पि उपनिस्सपच्चयेन पच्चयो ।

## १०. पुरेजातपच्चय

**पुरेजातपच्चयोति**

चक्खायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

सोतायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

घानायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

जिव्हायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

कायायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

रूपायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

सद्दायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

गन्धायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

रसायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति, तं रूपं मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो । मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मान किञ्चि काले पुरेजातपच्चयेन पच्चयो, किञ्चि काले न पुरेजातपच्चयेन पच्चयो ।

## ११. पच्छाजातपच्चय

**पच्छाजातपच्चयोति**

पच्छाजाता चित्तचेतसिका धम्मा पुरेजातस्स इमस्स कायस्स पच्छाजातपच्चयेन पच्चयो ।

## १२. आसेवनपच्चय

**आसेवनपच्चयोति**

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा किरियाब्याकता धम्मा पच्छिमानं पच्छिमानं किरियाब्याकतानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

## १३. कम्मपच्चय

**कम्मपच्चयोति**

कुसलाकुसलं कम्मं विपाकानं खन्धानं कटत्ता च रूपानं कम्मपच्चयेन पच्चयो ।

चेतना सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं कम्मपच्चयेन पच्चयो ।

## १४. विपाकपच्चय

**विपाकपच्चयोति**

विपाका चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं विपाकपच्चयेन पच्चयो ।

## १५. आहारपच्चय

**आहारपच्चयोति**

कबलीकारो आहारो इमस्स कायस्स आहारपच्चयेन पच्चयो ।

अरूपिनो आहारा सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं आहारपच्चयेन पच्चयो ।

## १६. इन्द्रियपच्चय

**इन्द्रियपच्चयोति**

चक्खुन्द्रियं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

सोतिन्द्रियं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

घानिन्द्रियं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

जिव्हिन्द्रियं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

कायिन्द्रियं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

रूपजीवितिन्द्रियं कटत्तारूपानं इन्द्रियपच्चयेन पच्चयो ।

अरूपिनो इन्द्रिया सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं इन्द्रियपच्चयेन पच्चयो ।

## १७. झानपच्चय

**झानपच्चयोति**

झानङ्गानि झानसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं झानपच्चयेन पच्चयो ।

## १८. मग्गपच्चय

**मग्गपच्चयोति**

मग्गङ्गानि मग्गसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं मग्गपच्चयेन पच्चयो ।

## १९. सम्पयुत्तपच्चय

**सम्पयुत्तपच्चयोति**

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सम्पयुत्तपच्चयेन पच्चयो ।

## २०. विप्पयुत्तपच्चय

**विप्पयुत्तपच्चयोति**

रूपिनो धम्मा अरूपीनं धम्मानं विप्पयुत्तपच्चयेन पच्चयो ।

अरूपिनो धम्मा रूपीनं धम्मानं विप्पयुत्तपच्चयेन पच्चयो ।

## २१. अत्थिपच्चय

**अत्थिपच्चयोति**

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं अत्थिपच्चयेन पच्चयो ।

महाभूता उपादारूपानं अत्थिपच्चयेन पच्चयो ।

चक्खायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

सोतायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

घानायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

जिव्हायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

कायायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

रूपायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

सद्दायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

गन्धायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

रसायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति, तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

## २२. **नत्थिपच्चय**

**नत्थिपच्चयोति**

समनन्तरनिरुद्धा चित्तचेतसिका धम्मा पटुप्पन्नानं चित्तचेतसिकानं धम्मानं नत्थिपच्चयेन पच्चयो ।

## २३. **विगतपच्चय**

**विगतपच्चयोति**

समनन्तरविगता चित्तचेतसिका धम्मा पटुप्पन्नानं चित्तचेतसिकानं धम्मानं विगतपच्चयेन पच्चयो ।

## २४. अविगतपच्चय

**अविगतपच्चयोति**

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं अविगतपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञं अविगतपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं अविगतपच्चयेन पच्चयो ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं अविगतपच्चयेन पच्चयो ।

महाभूता उपादारूपानं अविगतपच्चयेन पच्चयो ।

चक्खायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

सोतायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

घानायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

जिव्हायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

कायायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

रूपायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

सद्दायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

गन्धायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

रसायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति, तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

*पच्चयनिद्देसो निट्ठितो ।*

# पट्ठान (प्रस्थान)

## प्रत्यय उद्देश

| | |
|---|---|
| हेतुप्रत्यय | कर्मप्रत्यय |
| आरम्मणप्रत्यय | विपाकप्रत्यय |
| अधिपति प्रत्यय | आहारप्रत्यय |
| अनन्तरप्रत्यय | इन्द्रियप्रत्यय |
| समनन्तरप्रत्यय | ध्यानप्रत्यय |
| सहजातप्रत्यय | मार्गप्रत्यय |
| अन्यमन्य(अन्योन्य)प्रत्यय | सम्प्रयुक्तप्रत्यय |
| निश्रयप्रत्यय | विप्पयुत्तप्रत्यय |
| उपनिश्रयप्रत्यय | अस्तिप्रत्यय |
| पूर्वजातप्रत्यय | नास्तिप्रत्यय |
| पश्चात्‌जातप्रत्यय | विगतप्रत्यय |
| आसेवनप्रत्यय | अविगतप्रत्यय |

*प्रत्यय संक्षिप्त समाप्त भयो ।*

# प्रत्यय निर्देश

## १. हेतुप्रत्यय

छ वटा हेतुले हेतुसँग सम्प्रयुक्त (मिलेका) चित्तचैतसिक धर्महरूलाई र ती नै उत्पत्ति कारण भएका रूपहरूलाई हेतुप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

## २. आरम्मणप्रत्यय

रूपारम्मणले चक्षुविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई आरम्मणप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

शब्दारम्मणले श्रोतविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई आरम्मणप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

गन्धारम्मणले घ्राणविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई आरम्मणप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

रसारम्मणले जिव्हाविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई आरम्मणप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

प्रष्टव्यारम्मणले कायविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई आरम्मणप्रत्ययशक्तिद्वारा उपकार

गरेको हुन्छ ।

रूपारम्मण, शब्दारम्मण, गन्धारम्मण, रसारम्मण र प्रष्टव्यारम्मणले मनोधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई आरम्मणप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

सबै (छवटै आरम्मण) धर्मले मनोविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई आरम्मणप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

जुन जुन धर्मलाई आरम्मण गरेर जे जे चित्तचैतसिक आरम्मणिक धर्महरू उप्पन्न हुन्छन्, ती ती आरम्मण धर्महरूले ती ती आरम्मणिक धर्महरूलाई आरम्मणप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## ३. अधिपतिप्रत्यय

छन्द अधिपतिले छन्दसँग मिलेका चित्तचैतसिकधर्महरूलाई र त्यो नै उत्पत्ति कारण भएका चित्तज रूपहरूलाई (सहजात) अधिपतिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

वीर्य अधिपतिले वीर्यसँग मिलेका चित्तचैतसिकधर्महरूलाई र त्यो नै उत्पत्ति कारण भएका चित्तज रूपहरूलाई (सहजात) अधिपतिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

चित्त अधिपतिले चित्तसँग मिलेका चैतसिकधर्महरूलाई र त्यो नै उत्पत्ति कारण भएका चित्तज रूपहरूलाई (सहजात) अधिपतिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

वीमंस (प्रज्ञा) अधिपतिले वीमंसँग मिलेका चित्त चैतसिकधर्महरूलाई र त्यो नै उत्पत्ति कारण भएका चित्तज रूपहरूलाई (सहजात) अधिपतिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

जुन जुन छ वटा आरम्मण धर्मलाई गौरव राखेर (महत्व दिएर) जे जे चित्त चैतसिक धर्महरू उत्पन्न हुन्छन्, ती ती स्वभाव भएका छ वटा आरम्मण धर्महरूले ती ती आरम्मणिक धर्महरूलाई (आरम्मण) अधिपतिप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन्।

## ४. अनन्तरप्रत्यय

चक्षुविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन्।

मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन्।

श्रोतविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोधातु र त्यस धातुसँग मिलेका

चैतसिकधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

घ्राणविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

जिव्हाविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

कायविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोधातु र त्यस धातुसँग मिलेका

चैतसिकधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका कुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका कुशलधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका कुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अव्याकृतधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अकुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अकुशलधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अकुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अव्याकृतधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अव्याकृतधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अव्याकृतधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अव्याकृतधर्महरूले

पछाडि पछाडि उत्पन्न भएका कुशलधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अव्याकृतधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अकुशलधर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

जुन जुन स्वभावधर्महरूको अनन्तरमा जे जे चित्त चैतसिक धर्महरू उत्पन्न हुन्छन्, ती ती धर्महरूले त्यस त्यस धर्महरूलाई अनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छ ।

## ५. समनन्तरप्रत्यय

चक्षुविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

श्रोतविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले

मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

घ्राणविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

जिव्हाविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

कायविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूले

मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका कुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका कुशलधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका कुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अव्याकृतधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अकुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अकुशलधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अकुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अव्याकृतधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अव्याकृतधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अव्याकृतधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अव्याकृतधर्महरूले पछाडि पछाडि उत्पन्न भएका कुशलधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अव्याकृतधर्महरूले

पछाडि पछाडि उत्पन्न भएका अकुशलधर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

जुन जुन स्वभावधर्महरूको अनन्तरमा जे जे चित्त चैतसिक धर्महरू उत्पन्न हुन्छन्, ती ती धर्महरूले त्यस त्यस धर्महरूलाई समनन्तरप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

### ६. सहजातप्रत्यय

चारवटा नामस्कन्धहरूले परस्पर (एउटाले अर्को) लाई सहजातप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

चारवटा महाभूतले एउटाले अर्कोलाई सहजातप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

प्रतिसन्धिक्षणमा नामरूपले एउटाले अर्कोलाई सहजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

चित्तचैतसिक धर्महरूले चित्त नै उत्पत्ति कारण भएका रूपहरूलाई सहजातप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

महाभूतहरूले उपादारूपलाई सहजातप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

रूपधर्महरूले अरूपधर्महरूलाई कुनै समयमा (प्रतिसन्धि कालमा) सहजातप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन्, कुनै समयमा (प्रवृत्ति कालमा) सहजातप्रत्ययशक्तिद्वारा उपकार गरेका हुँदैनन् ।

## ७. अन्यमन्यप्रत्यय

चारवटा नामस्कन्धहरूले एउटाले अर्कोलाई अन्यमन्यप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

चारवटा महाभूतले एउटाले अर्कोलाई अन्यमन्यप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

प्रतिसन्धिक्षणमा नामरूपले एउटाले अर्कोलाई अन्यमन्यप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

## ८. निश्रयप्रत्यय

चारवटा नामस्कन्धहरूले एउटाले अर्कोलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

चारवटा महाभूतले एउटाले अर्कोलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

प्रतिसन्धिक्षणमा नामरूपले एउटाले अर्कोलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

चित्तचैतसिक धर्महरूले चित्त नै उत्पत्ति कारण भएका रूपहरूलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

महाभूतहरूले उपादारूपलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

चक्षु-आयतनले चिक्षुविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

श्रोत-आयतनले श्रोतविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

घ्राण-आयतनले घ्राणविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

जिव्हा-आयतनले जिव्हाविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

काय-आयतनले कायविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

जुन रूपको आश्रय लिएर मनोधातु र मनोविज्ञानधातु उत्पन्न हुन्छ; त्यस रूपले मनोधातु, मनोविज्ञानधातु र तिनीहरूसँग मिलेका चैतसिकधर्महरूलाई निश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

## ९. उपनिश्रयप्रत्यय

अगाडि अगाडि उत्पन्न भएका कुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका कुशलधर्महरूलाई उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका कुशलधर्महरूले

पछाडि पछाडि उत्पन्न भएका केही अकुशलधर्महरूलाई उपनिश्रयप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका कुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अव्याकृतधर्महरूलाई उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अकुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अकुशलधर्महरूलाई उपनिश्रयप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अकुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका केही कुशलधर्महरूलाई उपनिश्रयप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अकुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अव्याकृतधर्महरूलाई उपनिश्रयप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अव्याकृतधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अव्याकृतधर्महरूलाई उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अव्याकृतधर्महरूले पछाडि पछाडि उत्पन्न भएका कुशलधर्महरूलाई उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अव्याकृतधर्महरूले

पछाडि पछाडि उत्पन्न भएका अकुशलधर्महरूलाई उपनिश्रयप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

ऋतु भोजनले पनि उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

कल्याणमित्रादि पुद्गलले पनि उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

वासस्थानले पनि उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

## १०. पूर्वजातप्रत्यय

चक्षु-आयतनले चक्षुविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

श्रोत-आयतनले श्रोतविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

घ्राण-आयतनले घ्राणविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

जिव्हा-आयतनले जिव्हाविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

काय-आयतनले कायविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

रूपारम्मणले चक्षुविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

शब्दारम्मणले श्रोतविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

गन्धारम्मणले घ्राणविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

रसारम्मणले जिव्हाविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

प्रष्टव्यारम्मणले कायविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

रूपारम्मण, शब्दारम्मण, गन्धारम्मण, रसारम्मण र प्रष्टव्यारम्मणले मनोधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ।

जुन रूपको आश्रय लिएर मनोधातु र मनोविज्ञानधातु उत्पन्न हुन्छन्, त्यस रूपले मनोधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ, मनोविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई कुनै समयमा पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ, कुनै समयमा पूर्वजातप्रत्ययशक्तिद्वारा उपकार गरेको हुँदैन ।

## ११. पश्चात्जातप्रत्यय

पछि उत्पन्न हुने चित्तचैतसिक धर्महरूले पहिले उत्पन्न भइसकेको यो (रूप) कायलाई पश्चात्जातप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## १२. आसेवनप्रत्यय

अगाडि अगाडि उत्पन्न भएका कुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका कुशलधर्महरूलाई आसेवनप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका अकुशलधर्महरूले पछाडि पछाडि उत्पन्न भएका अकुशलधर्महरूलाई आसेवनप्रत्ययशक्तिद्वारा सहयोग गरेका हुन्छन् ।

अगाडि अगाडि उत्पन्न भएका क्रिया अव्याकृतधर्महरूले पछाडि पछाडि उत्पन्न भएका क्रिया अव्याकृतधर्महरूलाई आसेवनप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## १३. कर्मप्रत्यय

कुशल र अकुशल कर्मले विपाकस्कन्धहरू र कर्मजरूपहरूलाई (नानाक्षणिक) कर्मशक्तिद्वारा उपकार गरेको हुन्छ ।

चेतानाले सम्प्रयुक्तधर्महरूलाई र त्यो नै उत्पत्ति कारण भएका रूपहरूलाई (सहजात) कर्मप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

## १४. विपाकप्रत्यय

विपाक भइरहेका चारवटा नामस्कन्धहरूले एकले अर्कोलाई विपाकप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## १५. आहारप्रत्यय

कबलीकार (गाँस गर्नुपर्ने) आहारले यस रूपकायलाई (रूप) आहारशक्तिद्वारा उपकार गरेको हुन्छ ।

नाम भएका आहारहरूले सम्प्रयुक्र धर्महरूलाई ती नै उत्पत्ति कारण भएका रूपहरूलाई (नाम) आहारप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## १६. इन्द्रियप्रत्यय

चक्षु-इन्द्रियले चक्षुविज्ञानधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई इन्द्रियप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

श्रोत-इन्द्रियले श्रोतविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई इन्द्रियप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

घ्राण-इन्द्रियले घ्राणविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई इन्द्रियप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

जिव्हा-इन्द्रियले जिव्हाविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई इन्द्रियप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

काय-इन्द्रियले कायविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई इन्द्रियप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

रूपजीवित-इन्द्रियले कर्मजरूपहरूलाई इन्द्रियप्रत्यय शक्तिद्वारा उपकार गरेको हुन्छ ।

नाम भएका इन्द्रियहरूले आफूसँग मिलेका चित्तचैतसिकहरूलाई त्यो नै उत्पत्ति कारण भएका रूपहरूलाई इन्द्रियप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## १७. ध्यानप्रत्यय

ध्यानाङ्गहरूले ध्यानसँग मिलेका चित्तचैतसिक-धर्महरूलाई र ती नै उत्पत्ति कारण भएका रूपहरूलाई ध्यानप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## १८. मार्गप्रत्यय

मार्गाङ्गहरूले मार्गसँग मिलेका चित्तचैतसिकधर्महरूलाई र ती नै उत्पत्ति कारण भएका रूपधर्महरूलाई मार्गप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## १९. सम्प्रयुक्तप्रत्यय

चारवटा नामस्कन्धहरूले परस्परलाई सम्प्रयुक्तप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## २०. विप्रयुक्तप्रत्यय

रूप भएका धर्महरूले अरूप भएका नामधर्महरूलाई विप्रयुक्तप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

नाम भएका अरूपधर्महरूले रूप भएका धर्महरूलाई विप्रयुक्तप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## २१. अस्तिप्रत्यय

चारवटा नामस्कन्धहरूले एउटाले अर्कोलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

चारवटा महाभूतले एउटाले अर्कोलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

प्रतिसन्धिक्षणमा नामरूपले एउटाले अर्कोलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

चित्तचैतसिक धर्महरूले चित्त नै उत्पत्ति कारण भएका रूपहरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

महाभूतहरूले उपादारूपहरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

चक्षु-आयतनले चक्षुविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिक धर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

श्रोत-आयतनले श्रोतविज्ञानधातु र त्यस धातुसँग मिलेको चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

घ्राण-आयतनले घ्राणविज्ञानधातु र त्यस धातुसँग मिलेको चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

जिव्हा-आयतनले जिव्हाविज्ञानधातु र त्यस धातुसँग मिलेको चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

काय-आयतनले कायविज्ञानधातु र त्यस धातुसँग मिलेको चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

रूपारम्मणले चक्षुविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

शब्दारम्मणले श्रोतविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

गन्धारम्मणले घ्राणविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

रसारम्मणले जिव्हाविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

प्रष्टव्यारम्मणले कायविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

रूपारम्मण, शब्दारम्मण, गन्धारम्मण, रसारम्मण र प्रष्टव्यारम्मणले मनोधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

जुन रूपको आश्रय लिएर मनोधातु र मनोविज्ञानधातु उत्पन्न हुन्छन्; त्यस रूपले मनोधातु, मनोविज्ञानधातु र तिनीहरूसँग मिलेका चैतसिकधर्महरूलाई अस्तिप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

## २२. नास्तिप्रत्यय

राम्ररी अन्तर नहुने गरी निरोध भइसकेका

चित्तचैतसिक धर्महरूले वर्तमान चित्तचैतसिक धर्महरूलाई नास्तिप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## २३. विगतप्रत्यय

रास्रारी अन्तर नहुने गरी अलग्ग भइसकेका चित्तचैतसिक धर्महरूले वर्तमान चित्तचैतसिक धर्महरूलाई विगतप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

## २४. अविगतप्रत्यय

चारवटा नामस्कन्धहरूले परस्पर (एउटाले अर्को) लाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

चारवटा महाभूतले एउटाले अर्कोलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

प्रतिसन्धिक्षणमा नामरूपले एउटाले अर्कोलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

चित्तचैतसिक धर्महरूले चित्त नै उत्पत्ति कारण भएका रूपहरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

महाभूतहरूले उपादारूपलाई सहजातप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् ।

चक्षु-आयतनले चक्षुविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिक धर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

श्रोत-आयतनले श्रोतविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

घ्राण-आयतनले घ्राणविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

जिव्हा-आयतनले जिव्हाविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

काय-आयतनले कायविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

रूपारम्मणले चक्षुविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

शब्दारम्मणले श्रोतविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

गन्धारम्मणले घ्राणविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

रसारम्मणले जिव्हाविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

प्रष्टव्यारम्मणले कायविज्ञानधातु र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

रूपारम्मण, शब्दारम्मण, गन्धारम्मण, रसारम्मण र प्रष्टव्यारम्मणले मनोधातुलाई र त्यस धातुसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

जुन रूपलाई आश्रय लिएर मनोधातु र मनोविज्ञानधातु उत्पन्न हुन्छन्; त्यस रूपले मनोधातु, मनोविज्ञानधातु र तीसँग मिलेका चैतसिकधर्महरूलाई अविगतप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ ।

*प्रत्ययनिर्देश समाप्त भयो ।*